# बिपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि २०८०

## बेलका नगरपालिका

## उदयपुर

### कोशी प्रदेश नेपाल

Give2Asia

HDC NEPAL
Human Development Center

# बिपद् खोज, उद्धार तथा राहत वितरण सम्बन्धी
# बेलका नगरपालिका, उदयपुर
# कार्यविधि २०८०

प्रस्तावना : बिपद् जन्य घटनाबाट प्रभावित व्यक्ति तथा परिवारको खोज तथा उद्धार गर्ने र राहत उपलब्ध गराउने कार्यलाई सुव्यबस्थित गरी बिपद् सम्बद्ध कार्यमा बेलका नगरपालिकाको भूमिकालाई प्रभावकारी बनाई लागु गर्न आवश्यक रहेको छ । प्राकृतिक र गैरप्राकृतिक बिपद्मा परेका नागरिकहरुको खोज, उद्धार सहित प्रभावित व्यक्ति तथा परिवारलाई आपतकालीन अवस्थमा सहयोग कार्यलाई पारदर्शी, सरल तथा विश्वसनीय बनाउने अभिप्रायका साथ स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा (१) बिपद् जोखिम न्यूनीकरण तथा व्यबस्थापन ऐन २०७४ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी बेलका नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-एक
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि २०८०" रहेको छ ।

(ख) यो "बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि बेलका नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुने छ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) ऐन भन्नाले:स्थानीय सरकार सञ्चालन ऐन २०७४

र बिपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन ऐन २०७४ सम्झनु पर्ने छ ।

(ख) बिपद् भन्नाले : कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पार्ने प्राकृतिक तथा मानवीय कारणबाट आएको परिवर्तनबाट मानवीय र भौतिकरुपमा पुग्ने असरलाई बिपद् सम्झनु पर्दछ । बिपद् प्राकृतिक र गैर प्राकृतिक दुई प्रकारका हुन्छन ।

"प्राकृतिक बिपद्" भन्नाले जल एवम् जलवायुजन्य बिपद् जस्तै हिमपात, हिमपहिरो, हिमताल बिस्फोटन, खडेरी, बाढी, हुरिबतास, शितलहर, तातोहावाको लहर, चट्याङ, असिनापानी, भौगर्भिक बिपद् जस्तै भूकम्प, पहिरो, एवम् अन्य प्रकारका प्रकोप जस्तै महामारी, अनिकाल, डढेलो, किटआतंक, जनावर आतंक तथा यस्ता अन्य कुनै पनि प्रकारको बिपद्लाई सम्झनु पर्दछ।

"गैह्र प्राकृतिक बिपद्" भन्नाले औद्योगिक प्रकोप जस्तै : खानी दुर्घटना, औद्योगिक बिस्फोटन, आगलागी, रासायनीक तथा विषाक्त ग्यास चुहावट, विकिरण, यातायातजन्य बिपद् जस्तैः हवाइ, सडक, रेल, पानीमा चलाइने सवारी साधनको दुर्घटना, प्राकृतिक ग्यासको बिष्फोटन तथा अन्य प्रकारका घटना जस्तै भागदौड, हुलदंगा, आतंक सिर्जना गर्ने खालका कृयाकलाप, भौतिक संरचना भत्किई हुने क्षति आदीलाई सम्झनु पर्दछ ।

(ग) राहत भन्नाले : बिपद् भइरहेको वा भइसकेको समयमा वा बिपद् पश्चात बिपद्बाट प्राभवितलाई आवश्यक व्यबस्थापन एवं बन्दोबस्तीका लागि यस कार्यविधि बमोजिम प्रदान



गरिने नगद वा जिन्सी सहायतालाई सम्झनु पर्दछ ।

(घ) बिपद् खोज तथा उद्धार भन्नाले : बिपद्को अवस्थामा बिपद्बाट पीडित तथा प्रभावित व्यक्तिको खोजी तथा उद्धार गर्ने कार्य सम्झनु पर्दछ । बिपद्को समयमा मानवीय सहायताका लागि तालिम प्राप्त जनशक्ति परिचानल गरी प्रभावितहरुको खोजी तथा उद्धार गर्ने कार्य सम्झनु पर्दछ ।(

ङ) बिपद् जोखिम न्यूनिकरण भन्नाले : बिपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, बिपद् रोकथाप वा बिपद्बाट हुने क्षतिको न्यूनिकरण तथा विकास कार्यसँगै बिपद्को जोखिमलाई कम गर्ने कार्य सम्झनु पर्दछ ।


(च) बिपद् व्यबस्थापन भन्नाले :बिपद् जोखिम न्यूनिकरण, बिपद् प्रतिकार्य र बिपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्दछ ।

(छ) बिपद् कोष भन्नाले : बिपद्बाट प्रभावित वा पीडित व्यक्तिलाई तत्तकालको समस्या वा गर्जो टार्न गरिने सहयोग कोष तथा राहत रकमलाई सम्झनु पर्दछ ।

(ज) समिति भन्नाले : नगर बिपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन समिति सम्झनु पर्दछ ।

साथै राहत वितरण व्यबस्थापन समितिले बिपद् जोखिम न्यूनीकरण व्यबस्थापन समितिको नेतृत्वमा रही प्रमुख प्रशासकीय अधिकृत, वडास्तरीय बिपद् जोखिम न्यूनीकरण समिति, बिपद् वातावरण तथा बिपद् व्यबस्थापन शाखा, बिपद् व्यबस्थापन शाखा र आपतकालीन कार्य सञ्चालन केन्द्र लगायतसँग समन्वय र सहकार्य गरी राहत वितवरणलाई प्रभावकारीता गर्नु पर्ने छ ।

बिपद् पीडितको खोज, उद्धार र राहत वितरण कार्य प्रभावकारी गर्ने राहत वितरण व्यबस्थापन समितिको समन्वय चक्र :






# परिच्छेद-चार
## बिपद् व्यबस्थापनका लागि राहत वितरण

**६.राहत वितरण :**

बिपद्बाट क्षति भएका देहाय बमोजिमको क्षतिको लागि वातावरण तथा बिपद् व्यबस्थापन समिति वा वातावरण तथा बिपद् व्यबस्थापन शाखा मार्फत प्राप्त भएका स्थलगत अनुगमन मूल्याङ्कन प्रतिवेदन र वडा कार्यालयको सिफारिशका आधारमा राहत वितरण समितिको निर्णय बमोजिम तपशिल अनुसार राहत सहयोग गराइने छ ।

(क) बिपद् घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु. २५,००० ( पच्चिस..हजार) ।

(ख)बिपद्मा परी कुनै व्यक्ति बेपत्ता भई खोजी कार्य गर्दा घटना घटेको मितिले नब्बे दिनसाम्म फेला नपरेमा वडा कार्यालयको सिफारिश र प्रहरी प्रतिवेदनको आधारमा एकाघरको नजिकको हकलालाई रु. २५000(पच्चिस हजार) ।

(ग) कुनै पनि बिपद्को घटनामा परी कुनै व्यक्तिको खाद्यन्न र लत्ताकपडा समेत पूर्ण तथा आंशिक रुपमा क्षति भएमा त्यस्तो परिवारलाई तत्तकाल राहतका लागि रु. १०,००० (दश हजार) वा सो बराबरको खाद्य वा गैर खाद्य सामग्री उपलब्ध गराउने । पूर्णरुपमा क्षति भएको सन्दर्भमा नगर बिपद् व्यबस्थापन समितिको निर्णयानुसार थप राहत व्यबस्था हुने छ।

(घ) बिपद्बाट घरबहालमा बसेको भएमा वा पसल व्यबसाय समेत नोक्सानी भई तत्तकाल गुजाराको लागि खाद्यन्न समेत नभएका वा दुवै अवस्थाका पीडित परिवारलाई तत्काल आवश्यक व्यबस्थाको लागि रु. १०,००० (दश हजार) सम्म वा सो बराबरको जिन्सी (जिन्सी वा गैर खाद्य सामग्री) राहत उपलब्ध गराईने छ ।

(ङ) कुनै प्रकोपको घटनामा परी घाइते भएका बिरामीहरुलाई उपचारका लागि अस्पताल वा वाह्य अस्पतालमा लैजानु पर्ने घाइते गरिब, असहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजाँदाको यातायात खर्च भुक्तानी गरिदिइने छ ।

(च) बिपद्बाट घाइते भएको कुनै व्यक्तिलाई अस्पतालमा भर्ना गरी उपचार गराउनु परेमा त्यस्तो घाइते गरिब, असहाय वा आर्थिक अवस्था कमजोर भएमा उपचार खर्च बापत एक पटकका लागि बढीमा रु. १०,०००.(दश हजार) सम्म खर्च उपलब्ध गराइने छ ।

(छ) बिपद्बाट घरको क्षति भएमा घरको क्षतिको अवस्था हेरी बढीमा रु. १०,००० (दश हजार) .नगद वा जिन्सी राहत सहायता उपलब्ध गराइने छ ।

(ज) जिन्सी राहत सहायता वितरण गर्दा खाद्यन्न र गैर खाद्य सामग्री वितरण गरिनेछ । खाद्य सामग्री प्रति व्यक्ति चामल – ५ के.जीं, दाल–१ के.जी., नुन–१ के.जी., तेल–१ लिटर उपलब्ध गराइनेछ । जिन्सीतर्फ पाल, कमल, खाना पकाउने भाँडा, बाल्टी, थाल, ग्लास, डाढुपन्यू र औषधि जस्ता



अत्यावश्यक सामग्रीहरु राहत वितरण समितिले निर्णय गरी आवश्यकताको आधारमा वितरण गर्ने छ ।

(झ) माथि जुनसुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चट्याङबाट घरको छानो वा अन्य सामान्य क्षति भएमा मर्मत सम्भारका लागि बढीमा रु. २०,००० (बीस हजार) सम्म राहत उपलब्ध गराउने र सोको लागि वडा कार्यालयले सिफारिश गरे बमोजिम हुने छ ।

(ञ) राहत रकम उपलब्ध गराउँदा सम्बन्धित पीडित वा निजको नजिकको निवेदक, वडाको सिफारिस, प्रहरीको मुचुल्काको आधारमा उपलब्ध गराइने छ ।

(ट) बिपद्बाट वेवारिसे अवस्थामा रहेका व्यक्तिलाई स्थानीय बिपद् व्यबस्थापन समितिसँग समन्वय गरी उद्धार आवश्यकता अनुसार व्यबस्थापन गर्ने ।
बिपद् व्यबस्थापन समितिसँग समन्वय गरी उद्धार आवश्यकता अनुसार व्यबस्थापन गर्ने ।

## ७.दीर्घकालीन राहत व्यबस्थापन:

(क) प्रकोपको कारण बसोबास गरी रहेको स्थानमा बसोबास गराउँदा थप जोखिम हुने अवस्था रहेमा त्यस्तो पीडित परिवारलाई सुरक्षित स्थानमा राखी बसोबास गराउनु पर्ने अवस्था भएमा बसोबास गराइने स्थान, परिवार संख्या, आवश्यक सामग्री र सोका लागि आवश्यक पर्ने बजेटको समेत अनुमान गरी नगर बिपद् व्यबस्थापन समितिले कार्यपालिकामा सिफारिस गर्नु पर्ने छ । त्यसरी भएको सिफारिसको

आधारमा जिल्ला बिपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन समितिसँग समन्वय गरी नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार आश्वयक व्यबस्था मिलाइने छ।

(ख) दफा ७ क अनुसार पूर्णरुपमा अथवा आंशिक रुपमा कार्य गर्नको लागि नगरपालिका वा नगर बिपद् जोखिम न्यूनिकरण तथा व्यबस्थापन समितिले वडा कार्यालयलाई जिम्मेवारी तोक्न सक्नेछ । यसरी तोकिएको जिम्मेवारी पुरा गर्नु सम्बन्धित वडा कार्यालयको कर्तव्य हुने छ ।

## ८. राहतका लागि पेश गर्नु पर्ने कागजातहरु:

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख)मृतकको हकमा नजिकको हकवालाको नाता खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

(ग) वडा कार्यालयको सिफारिस पत्र ।

(घ) बिपद् व्यबस्थापन समिति र राहत वितरण समितिको निर्णय प्रतिलिपी ।

(ङ)वडाका जनप्रतिनीधिको रोवहरमा भएको प्रहरी मुचुल्का।

(च) घटनासँग सम्बन्धित तस्विर ।

(छ) नागरिकता र अन्य कागजात बिपद्मा नष्ट भएको अवस्थामा मुचुल्का समावेश गर्ने ।



# परिच्छेद-पाँच
## राहत वितरण समिति

**९.राहत वितरण समितिको गठन :**

बेलका नगरपालिका क्षेत्रभित्र प्राकृतिक र गैरप्राकृतिक बिपद्मा परेका नगरबासी तथा उनीहरुका पारिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति रहनेछ ।

| | |
|---|---|
| नगर प्रमुख | अध्यक्ष |
| नगर उपप्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| वातावरण तथा बिपद् व्यबस्थापन समिति संयोजक | सदस्य |
| पूर्वाधार विकास शाखा | सदस्य |
| वातावरण तथा बिपद् व्यबस्थापन शाखा प्रमुख | सदस्य सचिव |

**१०.राहत वितरण प्राथमिकता :**

राहत वितरण गर्दा पीडित मध्ये महिला, गर्भवति, लैंगिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक, दीर्घ रोगी, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखिने छ ।

**११. राहत वितरणको समय सीमा:**

बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि २०८० बमोजिम राहत सहयोग उपलब्ध गराउँदा घटना भई निवेदन दर्ता भए पश्चात तत्काल अनुगमनको व्यबस्था मिलाई राहत सहयोग उपलब्ध गराइने छ ।

१२.राहत वितरणको सीमा वा क्षेत्र :

यस बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि बमोजिम राहत वितरण गर्दा बाढी, पहिरो, भुकम्प, आगलागी, भारी बर्षा, असिना, हुरी बतास, महामारी, चट्याङ्ग, शीतहलर, डुबान, खडेरी, खण्डवृष्टी, अतिवृष्टी, सर्पदंश, जीव आतंक, विषाक्त, पशुजन्य रोगको महामारी, बालीनाली नष्ट लगायत बिपद्का कारणबाट राहत वितरण समिति सम्वन्धी कामहरुको कम्तिमा वर्षको तीनपटक अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ख) नगरपालिकामा आपत्कालीन कार्यसंचालन केन्द्रमा प्रकोपको घटनासम्वन्धी वडागत तथ्यांक अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने ।



## परिच्छेद-छ
## विविध

१३. बिपद् पीडित व्यक्ति तथा परिवारको पुन:स्थापना तथा पुन निर्माण:

बिपद्बाट क्षति भएका घर, टहरा निर्माणका लागि प्रचलित नीति तथा कानून बमोजिम वन कार्यालय तथा स्थानीय बन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यबस्था मिलाइने छ। बिपद् पीडित घरपरिवारको आवास निर्माणको लागि आवश्यक पर्ने घरनक्साको लागि आवश्यक पर्ने प्राविधिक तथा आर्थिक पक्षमा एकपटकका लागि नि:शुल्क गराइने छ ।

१४. राहत वितरणमा समन्वय:

सामाजिक संघसंस्था, दातृ निकाय, मानवीय सहायता गर्ने संस्था, रेडक्रस, मानव विकास केन्द्र वा कुनै प्रकृतिको गैरसरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना नगरपालिकामा पेश गरी नगर बिपद् व्यबस्थापन समितिसँग समन्वय तथा सहकार्यमा तोकिएको क्षेत्र र प्रभावित परिवारलाई वितरण गर्नु पर्ने छ ।

१५. राहत विवरण प्रतिवेदन पेश गर्नु पर्ने :

यस बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि बमोजिम राहत वितरण समितिको निर्णयबाट वितरण भएको राहतको विवरण नगर कार्यपालिकाको प्रत्येक चौमासिक वैठक र वार्षिक नगर सभामा अनुसूचि २ को ढाँचामा वैठक वा सभा सञ्चालन हुनु भन्दा सात दिन अघि पेश गर्नु पर्नेछ । राहत वितरणको प्रतिवेदन बिपद् व्यबस्थापन शाखाले तयार गर्ने छ ।

१६. सूचना व्यबस्थापन, अनुगमन र मूल्याङ्‌न :

(क) स्थानीय बिपद् व्यबस्थापन समितिले आफू मातहतका समितिहरुले गरेका बिपद् व्यबस्थापन सम्वन्धी कामहरुको कम्तिमा वर्षको तीनपटक अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

सम्वन्धी कामहरुको कम्तिमा वर्षको तीनपटक अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ख) नगरपालिकामा आपत्कालीन कार्यसंचालन केन्द्रमा प्रकोपको घटनासम्वन्धी वडागत तथ्यांक अद्यावधिक गर्ने र वार्षिक रुपमा प्रकाशन गरी सार्वजनिक गर्ने ।

(ग) नगरपालिकाको वेभसाइटमा प्रकोप सम्बन्धी सूचनाको प्रवाह गर्ने ।

(घ) राहत वितरण समितिले बिपद् पीडितहरुको व्यबस्थापनका क्षेत्रमा गरेका कामहरुको आवश्यकता अनुसार बिपद् जोखिम न्यूनीकरण तथा व्यबस्थापन समितिले टोली खटाई प्रतिवेदन लिने ।

(ङ)बिपद् पीडितहरुको उद्धार एवम् राहत व्यबस्थापन कार्यमा विशेष सक्रियतापूर्वक कार्य गर्ने समाजसेवी, राजनैतिक व्यक्ति, व्यबसायी, सामाजिक संघसंस्था एवं राष्ट्र सेवक कर्मचारीहरुलाई नगर बिपद् जोखिम न्यूनीकरण तथा व्यबस्थापन समिति र बिपद् खोज, उद्धार तथा राहत वितरण समितिको सिफारिशमा कार्यपालिकाले उचित सम्मान एवं पुरस्कारको व्यबस्था मिलाउने ।



१७.बाधा अडकाउः

यस बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि २०८० को कार्यान्वय गर्दा कुनै बाधा अडकाउ परेमा बेलका नगर कार्यपालिकाले छलफल गरी त्यस्तो बाधा अडकाउ फुकाउन सक्ने छ ।

१८.खारेजी र बचाउ :

(क) राहत सहयोग सम्बन्धी यस पूर्व, वेलका नगर कार्यपालिकाले गरेका निर्णयहरु यस बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ख) यस बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि २०८० नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## अनुसूचि -१
### (दफा ८ साग सम्बन्धित )
### राहत रकम माग गर्ने निवेदनको ढाचा

श्रीमान् वडा अध्यक्ष ज्यू ।
........नं वडा कार्यालय
वेलका नगरपालिका, उदयपुर ।

विषयः राहत सहयोग गरिदिने बारे ।

मिति ............. साल............ महिना ...... गते उदयपुर जिल्लाको बेलका नगरपालिका ....... नं. वडाको ............... ............ टोलमा भएको बिपद्का सम्बन्धमा बिपद्बाट भएको क्षतिको बिपद् खोज, उद्धार तथा राहत वितरण कार्यविधि २०८० बमोजिम राहत सहयोग पाऊँ भनी देहायको विवरण सहित यो निवेदन पेश गरेको छु/छौं ।

संलग्न विवरण :

(१) बिपद्को घटना : ..................................................

(२) बिपद् पीडित/घाईते/मृतकको नाम: ............................

ठेगाना: ..........................................................

(३)बिपद् पीडित/घाईते/मृतकको नागरिकता प्रमाणपत्र नं. .....

जारी गर्ने जिल्ला ...................



(४)बाबुको नाम थर : ..... ....... ....... .......

आमाको नाम थर : ..... ....... ....... .......

(५) अनुमानित क्षतिको विवरण : (परिमाण र मूल्य सहित, अतिरिक्त माग गरेको भए सो समेत खुलाउने) ...............

...........................................................................

...........................................................................

...........................................................................

(६) मृतकको हकमा हकवालाको नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित पत्र ।

(७) जनप्रतिनीधिको रोवहरमा प्रहरी मुचुल्का ।

(८) घटनासँग सम्बन्धित तस्विर ।

(९) राहत माग गरिएको विषयमा संघसंस्था वा कार्यालयबाट सोही विषयमा राहत लिए नलिएको खुलाउने ।

(१०) निवेदन साथ संलग्न कागजात बिपद्को समयमा नष्ट भएमा सोको मुचुल्का गराई सोही कागजात समावेश गर्ने ।

# अनुसूचि-२

## (दफा १४ संग सम्बन्धित )

## राहत वितरण विवरणको ढाँचा

मिति ..........................देखि .......................... सम्मको विवरण

| क.सं. | बिपद्को विवरण | वडा नं. | संख्या | राहत प्रदान गरिएको विवरण | | राहत लिने व्यक्ति वा परिवार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | रकम | जिन्सी | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| जम्मा | | | | | | | |